# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१९ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा कार्यरत इन्जिनियर प्रदीप कुमार यादवको इन्जिनियरको सर्टिफिकेट नक्कली रहेको हुँदा आवश्यक छानबिन गरी कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौंका तत्कालीन इन्जिनियर प्रदीप कुमार यादवले उक्त केन्द्रमा इलेक्ट्रिसिटी सहायक पदमा नियुक्ति भएकोमा इन्जिनियर पदमा बढुवा हुने प्रयोजनका लागि पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रणको कार्यालय, कास्कीबाट जारी भएको Bachelor of Electrical and Electronics Engineering तहको शैक्षिक प्रमाणपत्र र नेपाल इन्जिनियरिङ परिषद्, नक्साल, काठमाडौंबाट जारी भएको साधारण दर्तावाला इन्जिनियरको नाम दर्ता प्रमाणपत्र समेत नक्कली एवं झुट्टा बनाई पेश गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी, काठमाडौंमा इलेक्ट्रसिटी सहायक पदमा करार नियुक्ति भई सोही केन्द्रको इन्जिनियर पदमा बढुवा भई सरकारी ओहदामा बहाल रही भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निज प्रदीप कुमार यादव उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता